# स्थानीय राजपत्र

**झापा, १ नं प्रदेश नेपाल**

कचनकवल गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ३) झापा, १ नं प्रदेश, नेपाल,असार ३० गते २०८० साल ( संख्या १८

## भाग १

**कचनकवल गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा १ बमोजिम कचनकवल गाउँपालिकाको गाउँसभाले स्वीकृत गरी जारी गरेको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।**

## संवत् २०८० को आर्थिक ऐन

# कचनकवल गाउँपालिकाको आर्थिक ऐन, २०८०

गाउँसभाबाट पारित मिति- २०८०।०३।३०

राजपत्रमा प्रकाशित मिति- २०८०।०४।०१

**प्रस्तावनाः**कचनकवल गाउँपालिकाको आर्थिक वर्ष २०८०/८१ को अर्थ सम्बन्धि प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा(२)वमोजिम कचनकवल गाउँपालिकाको चौथो गाउँ सभाले यो ऐन बनाई जारी गरेको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "कचनकवल गाउँपालिकाको आर्थिक ऐन,२०८०" रहेको छ ।
(२)यो ऐन गाँउ सभाबाट पारित भई कचनकवल गाउँपालिकाको राजपत्रमा प्रकाशन भएको मितिदेखि कचनकवल गाउँपालिका क्षेत्रमा तुरुन्त लागू हुनेछ ।

२. **सम्पति करः** गाउँपालिकाक्षेत्रभित्र अनुसूचि (१) वमोजिम सम्पत्ति कर लगाउने र असूल उपर गर्नेछ ।
स्पष्टिकरणः यस ऐनमा सम्पत्ति कर भन्नाले एकीकृत सम्पत्ति कर, घर जग्गा कर, भूमि कर वा मालपोत तिरो समेतलाई जनाउँदछ ।*

३. **घर वहाल करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूची (२) वमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

४. **व्यवसाय करः** गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूची (३) वमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

५. **सवारी साधन करः**गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूची (४) वमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ तर प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही वमोजिम हुनेछ।

६. **विज्ञापन करः** गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूची (५) वमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ तर प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहीवमोजिम हुनेछ ।

७. **मनोरन्जन करः** गाउँपालिकाक्षेत्रभित्र गरिने मनोरन्जन व्यवसायमा अनुसूची (६) वमोजिम मनोरञ्जन कर लगाइने र असुल उपर गरिनेछ तर प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही वमोजिम हुनेछ ।

८. **पार्किङ शुल्कः** गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूची (७)वमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

९. **सेवा शुल्क तथासिफारिस दस्तुरः** गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूची(८) मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचीमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१०. **कर छुटः**यस ऐन वमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

११. **दण्ड सजाय तथा जरिवाना** : तोकिएका कर, दस्तुर तथा सेवा शूल्क तोकिएको समय सीमामा नबुझाएमा सम्बन्धित दफाको अनुसूचीमा तोकिए वमोजिम दण्ड सजाय तथा जरिवाना सहित असुल उपर गरिनेछ ।

१२. **कर तथा शुल्क संकलन सम्वन्धी कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्वन्धी कार्यविधि गाउँ कार्यपालिकाले बनाई लागू गर्न सक्नेछ ।

१३. छुट सम्बन्धमा :- यस गाउँपालिकाका पोखरी,हाट बजार घाटलोरी जल कर निकासी लगायतका सार्वजनिक सम्पतिको भोग चलनका ठेकका लगाउदा ठेकका सकारकर्ताले सम्झौताका वखत बार्षिक ठेकका अंक बराबरको एकमुस्ट रकम अग्रिम रुपमा गा.पामा बुझाएमा १०% रकम छुट दिइने छ |

१४. यस ऐनमा लेखिएका करका दर तथा दायराहरुमा यसै ऐन वमोजिम हुनेछ । यसमा उल्लेख भएका बाहेक अन्य छुट भएका कर तथा सेवा शुल्क वा दस्तुरका हकमा गाउँ कार्यपालिकाको निर्यण अनुसार हुनेछ जसलाई सो पश्चात बस्ने गाउँ सभाबाट अनुमोदन गराउनु पर्नेछ ।

**अनुसूची १**

(दफा २ संग सम्बन्धित)

**सम्पति कर**

यस गाउँपालिकावाट एकिकृत सम्पतिक र पुर्ण रुपमालागू नभएसम्म निम्नानुसारका मालपोत तथा घर जग्गा कर वार्षिक रुपमा एकमुष्ट असुल गरिनेछ।

क) मालपोत तर्फ

- उत्तर दक्षिण, पूर्व-पश्चिममुख्य मार्ग ग्राभेल तथा कालोपत्रे सडकले छोएका जग्गामा प्रति कठ्ठा रु ६०/-
- मुख्य सडक बाहेकका ग्राभेल सडकले छोएको जग्गाः प्रति कठ्ठा रु ४०/-
- कच्ची सडकले छोएको जग्गाः प्रति कठ्ठा रु.२५/-
- बाटोले नछोएका खेतियोग्य जमिनः प्रति कठ्ठा रु १५/-
- ईटा उधोग, चिया खेति तथा बगान, रबर खेति, रुख रोपी वनक्षेत्र विकास गर्ने जग्गाः प्रतिकठ्ठा रु. ५०/-

ख)घरमूल्याङ्कनतर्फ

| क्षेत्रफल | घरको प्रकार | वजार क्षेत्र | गाउँ क्षेत्र |
|---|---|---|---|
| १००० वर्ग फिट सम्म | पक्कि | ५०० | ४०० |
| १०००- १५०० वर्ग फिट सम्म | पक्कि | ६०० | ५०० |
| १५०० - २००० वर्ग फिट सम्म | पक्कि | ७०० | ६०० |
| २००० -वर्ग फिट भन्दा माथि | पक्कि | ८०० | ७०० |
| १००० वर्ग फिट सम्म | पक्कि, छाना टिनको | ३०० | २०० |
| १०००- १५०० वर्ग फिट सम्म | पक्कि, छाना टिनको | ४०० | ३०० |
| १५०० - २००० वर्ग फिट सम्म | पक्कि, छाना टिनको | ४५० | ३५० |
| २००० -वर्ग फिट भन्दा माथि | पक्कि, छाना टिनको | ५०० | ४०० |
| १००० वर्ग फिट सम्म | कच्चि (पिल्लर नभएको) | २०० | १५० |
| १०००- १५०० वर्ग फिट सम्म | कच्चि (पिल्लर नभएको) | २२५ | १७५ |
| १५०० - २००० वर्ग फिट सम्म | कच्चि (पिल्लर नभएको) | २५० | २०० |
| २००० -वर्ग फिट भन्दा माथि | कच्चि (पिल्ल1र नभएको) | २७५ | २२५ |
| सम्पूर्ण | पूर्ण कच्ची | २० | २० |

ग) सम्पति कर लागू नभए सम्मका लागि घर धुरी कर वार्षिक देहाय वमोजिम लाग्ने छ-

१. पक्की घर एक तले रु. १२५।-

२. पक्की घर एक तला भन्दा माथि भए रु. २००।-

३. एक तले पक्की घर टीनको छाना भए रु. १००।-

४. काठ बनेको टीनको छाना भएको घर भए रु. ७५।-

५. टीनले बनेको भुइँ ढलान भएको रु. ५०।-

६. फुस वा बाँसको टाटी वेरा लगाएको र अन्य साधारण घर भए रु. २५।-

चालु आ.व. भित्रमा सम्वन्धित कर बुझाएमा थप सुल्क बुझाउनु नपर्ने, आ.व. भन्दा समय नाघेको १ बर्ष सम्म थप कुल करको १० प्रतिशत र ६ बर्ष सम्म २५ प्रतिशत, ८ बर्ष सम्म ३५ प्रतिशत र ८ बर्ष भन्दा माथि ५० प्रतिशत थप कर बुझाउनु पर्ने छ तर आ.व. ०७४/७५ भन्दा अगाडिको मालपोत रकम र जरिवाना साबिककै नियम र दररेट अनुसार लाग्नेछ ।

## अनुसूची २

(दफा ३ सँग सम्बन्धित)

### घरवहाल कर

आफनो क्षेत्र भित्रको घर, पसल, ग्यारेज, गोदाम, टहरा, सेड, कारखाना जग्गा वा पोखरी पूरै वा आंशिक रूपमा वहालमा दिएमा सम्वन्धित धनीबाट वहाल रकमको १० प्रतिशत घर वहालकर लाग्ने छ ।

## अनुसूची-३

(दफा ४संग सम्बन्धित)

### व्यवसाय कर

गाउँपालिकाको क्षेत्रभित्र ब्यापार, ब्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोबारका आधारमा ब्यवसाय कर लगाईदेहायअनुसार दररेट कायम गरिएको छ ।

| सि.नं. | कर तथा दस्तुरको विवरण | दर | सि.नं. | कर तथा दस्तुरको विवरण | दर |
|---|---|---|---|---|---|
| क | **हाटबजार पसल कर दैनिक** | | | | |
| १ | कपाल काट्ने हजाम | २० | १ | गाईगोरु प्रति गोटा | ३० |
| २ | चामल प्रति मन | २० | २ | रांगा भैसी प्रति गोटा | ५० |
| ३ | सूर्ती प्रति मन | २०० | ३ | खसी, बाखा, सुगुर प्रति गोटा | २प्रतिशत |
| ४ | किराना पसल | २५ | ४ | कुखुरा प्रति गोटा | ५ |
| ५ | पापड पकौडा पसल | २० | ५ | तोरी, आलस प्रति मन | १० |
| ६ | मिठाई पसल | ३० | ६ | सूर्ती प्रति मन | २०० |
| ७ | चिया पसल | ३० | ७ | बांसको भकारी | १५ |
| ८ | माछा पसल ठुलो | ४० | ८ | चटपटे खाजा | २० |
| ९ | विउ विजन पसल | २० | ९ | विरुवा वेच्ने | ५० |
| १० | मासु पसल (प्रति खसी) | ७५ | १० | आलु प्याज प्रति मन | १० |
| ११ | सागसब्जी पसल ठुलो | २० | ११ | गाडीमा विभिन्न सामग्री ल्याई वेच्ने | १०० |
| १२ | हांसपरेवा प्रति जोडी | २० | १२ | दाउरा प्रति ट्याक्टर | ३०० |
| १३ | खुद्रा सागसब्जी पसल | १० | १३ | होलसेल कपडा फीजाई बेच्ने | ५० |
| १४ | पान पसल | २० | १४ | सुगुर प्रति गोटा | ५० |
| १५ | माछा पसल सानो | २० | १५ | लुगा सिउने टेर्लस | १५ |
| १६ | कांटा थापी खरिद पसल | २० | १६ | सुन चाादी पसल | ३० |
| १७ | सानो तराजुबाट खरिद पसल | २० | १७ | माटोको भाडा गाडा | २५ |
| १८ | औषधि पसल | ५० | १८ | मदिरा पसल | ३० |
| १९ | लोहार पसल फलामको हातहतीयार वनाउने र वेच्ने | २० | १९ | अदुवा प्रति मन | २५ |
| २० | छाला मिस्त्री पसल | २० | २० | खसी बाखाको छाला प्रति वटा | ५० |

| | | | | | |
|---|---|---|---|---|---|
| २१ | टर्चलाईट मर्मत पसल | २० | २१ | रांगा भैसीको छाला प्रति वटा | १०० |
| २२ | मोची | १० | २२ | सुपारी प्रति मन | १०० |
| २३ | फलफुल पसल | २० | २३ | कुखुरा प्रति खुगी | ५० |
| २४ | साइकल मर्मत पसल | २० | २४ | कबाडी प्रति साईकल | १५ |
| २५ | मुनीहारी पसल | २५ | २५ | हल्दी कांचो प्रति मन | १० |
| २६ | कपडा पसल | २५ | २६ | हल्दी सुकेको प्रति मन | ५० |
| २७ | रेडीमेड कपडा पसल | २५ | २७ | कोला अनारस प्रति भ्यान | १०० |
| २८ | जुत्ता चप्पल पसल | २५ | २८ | कोला अनारस प्रति ट्याक्टर | २०० |
| २९ | टि भि. रेडियो मर्मत पसल | २० | २९ | कोला अनारस प्रति ट्रक | ३०० |
| ३० | ब्याटि चार्ज पसल | २० | ३० | कोला अनारस प्रति बसको हुड | १५० |
| ३१ | सवै प्रकारका चौपाया विक्री | २ प्रतिशत | ३१ | कोला अनारस प्रति साईकल | २० |
| ३२ | नदीजन्य निर्माण सामाग्री विक्री कर (वालुवा तथा पुरुवा) प्रति ट्याक्टर | ५० | ३२ | कोला अनारस प्रति रांगागाडा | ५० |
| ३३ | हात हेर्ने ज्योतिषी | १० | ३३ | कर्कटपाता प्रति बण्डल | २५ |
| ३४ | कपडा सिलाई टेर्लस | १५ | | | |
| ३४ | खेल तमासा देखाउनेलाई | २० | ३४ | सब्जी (प्रति वसको हुट) | १०० |

**उपरोक्त माथि नपरेको व्यवसाय हेरी कार्यपालिकाको निर्णय बमोजीम रु. १०।- देखी रु.१०० सम्म कर निर्धारण गरिनेछ।**

**व्यापार तथा व्यवसाय कर**

कचनकवल गाउँपालिका क्षेत्रभित्र व्यपार व्यवसायमा वा सेवामा पुजीगत लगानी र आर्थिक कारोवारको आधारमा आ. व. ०८०/०८१ मा देहाय बमोजीम व्यवसाय कर लगाइने असुल उपर गरिनेछ।

नोटः व्यपार व्यवसायको कारोवारपुँजी विवरण देहाए अनुसारको रहनेछ।

१) रु.१० लाख भन्दा माथिको कारोवारलाई **क** वर्ग

१) रु.५ लाख देखी १० लाख सम्मको कारोवारलाई **ख** वर्ग

१) रु.१ लाख देखी ५ लाख सम्म कारोवार भएको व्यपार व्यवसायलाई **ग** वर्गमा राखि सोहि अनुसार कर असुल उपर गरिनेछ।

| सि. नं. | | दर्ता शुल्क | | | वार्षिक नविकरण शुल्क | | |
|---|---|---|---|---|---|---|---|
| १ | पसल/फर्म | क | ख | ग | क | ख | ग |
| २ | कपडा पसल | १५०० | १००० | ५०० | २००० | १५०० | १००० |
| ३ | हार्डवेयर | १५०० | १००० | ५०० | ३००० | २००० | १००० |
| ४ | होटल लज/मदिरा जन्य | १५०० | १००० | ५०० | ३००० | २००० | १००० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५ | होटल /मिठाई/ नास्ता | १५०० | १००० | ५०० | २००० | १५०० | १००० |
| ६ | सुन चाँदी | १५०० | १००० | ५०० | ३००० | २००० | १००० |
| ७ | किराना | १५०० | १००० | ५०० | ३००० | २००० | १००० |
| ८ | जुत्ता/चप्पल | १५०० | १००० | ५०० | २००० | १५०० | १००० |
| ९ | श्रगांर/कस्मेटीक | १५०० | १००० | ५०० | २००० | १५०० | १००० |
| १० | सैलुन | १५०० | १००० | ५०० | १५०० | १००० | ८०० |
| ११ | ब्युटीपार्लर | १५०० | १००० | ५०० | २००० | १५०० | १००० |
| १२ | टेन्टहाउस /क्याटरीङग /साउन्ड सिस्टम | १५०० | १००० | ५०० | २००० | १५०० | १००० |
| १३ | पान पसल | १५०० | १००० | ५०० | १५०० | १००० | ८०० |
| १४ | टेलर्स | १५०० | १००० | ५०० | १५०० | १००० | ८०० |
| १५ | धानकाटाँ | १५०० | १००० | ५०० | २००० | १५०० | १००० |
| १६ | फोटो स्टोडीयो | १५०० | १००० | ५०० | २००० | १५०० | १००० |
| १७ | रेडीयो/टि. भि./घडी/ विजुली मोवाईल मर्मत सेन्टर | १५०० | १००० | ५०० | १५०० | १२०० | १००० |
| १८ | रेडीयो/टि. भि./घडी/ विजुली/क्यामरा/ मोवाईल बिक्री सेन्टर | १५०० | १००० | ५०० | २००० | १५०० | १००० |
| १९ | स्टेशनरी पसल | १५०० | १००० | ५०० | २००० | १५०० | १००० |
| २० | माछा /मासु पसल | १५०० | १००० | ५०० | १५०० | १००० | ८०० |
| २१ | मोटर साईकल ग्यारेज मर्मत सेन्टर | १५०० | १००० | ५०० | २००० | १५०० | १००० |
| २२ | औषधी पसल | १५०० | १००० | ५०० | २००० | १५०० | १००० |
| २३ | भाडा बर्तन ग्लास गीफ्ट हाउस पसल | १५०० | १००० | ५०० | २००० | १५०० | १००० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २४ | साईकस मर्मत पसल | १५०० | १००० | ५०० | १५०० | १००० | ८०० |
| २५ | साईकल बिकी पसल | १५०० | १००० | ५०० | २००० | १५०० | १००० |
| २६ | दुग्ध/डेरी पसल | १५०० | १००० | ५०० | १५०० | १२०० | १००० |
| २७ | साग सब्जी पसल | १५०० | १००० | ५०० | १५०० | १२०० | १००० |
| २८ | मल खाद वीऊ विजन भेटनरी पसल | १५०० | १००० | ५०० | १५०० | १२०० | १००० |
| २९ | मोटर साईकल शो रुम एण्ड पार्टस बिकी पसल | १५०० | १००० | ५०० | ४००० | ३००० | २००० |
| ३० | इलेकट्रोक्सि सामग्री विक्री पसल | १५०० | १००० | ५०० | २००० | १५०० | १००० |

**अन्य व्यपार व्यवसाय कर**

| सि.नं. | विवरण | वार्षिक रकम रु. | कैफियत |
|---|---|---|---|
| १ | शिक्षा सेवा निजी प्राथमिक | २५००।- | |
| २ | शिक्षा सेवा निजी आधारभुत | ३५००।- | |
| ३ | शिक्षा सेवा निजी मा. वि. उच्च मा. वि. | ५०००।- | |
| ४ | मनि ट्रान्सफर | ५०००।- | |
| ५ | कृषी तथा पशु फर्म | १०००।- | |
| ६ | बहुउदेशियीय सहकारी संस्था | ५०००।- | |
| ७ | बचत तथा ऋण सहकारी संस्था | ४०००।- | |
| ८ | कृषी सहकारी संस्था | २०००।- | |
| ९ | विमा कम्पनी | ५०००।- | |
| १० | लघु वित वितिय संस्था | ५०००।- | |
| ११ | ग्यास डिलर | २०००।- | |

| | | | |
|---|---|---|---|
| १२ | डाईभिङग सेन्टर/डान्स तथा संगीत सेन्टर | १०००।- | |
| १३ | जीम खाना | १०००।- | |
| १४ | काठ मिल | ३०००।- | |
| १५ | टि स्टेट प्रा. लि. चीया मिल समेत | २००००।- | |
| १६ | टि स्टेट प्रा. लि | ५०००।- | |
| १७ | परामर्श सेवा | १०००।- | |
| १८ | निजी अस्पताल / पोलीक्लिनिक | ५,०००/– | |
| १९ | पेट्रोल पम्प | १५०००।- | |
| २० | ईट्टा उधोग | ४००००।- | प्रति चिम्नी |
| २१ | गृिल उधोग | २५००।- | |
| २२ | फनिर्चर निर्माण | २५००।- | |
| २३ | पाउरोटी तथा विस्कुट उधोग | १५००।- | |
| २४ | निर्माण व्यवसायिक इजाजत | २५०००।- | |
| २५ | निर्माण व्यवसायिक इजाजत नविकरण | ५०००।- | |
| २६ | संस्था / व्यवसाय सुचीकृत | १०००।- | |
| २७ | ठुला उधोग दर्ता | २५०००।- | |
| २८ | मझौला उधोग दर्ता | १००००।- | |
| २९ | घरेलु तथा साना उधोग दर्ता | १०००।- | |
| ३० | संस्था दर्ता | १०००।- | |
| ३१ | संस्था नविकरण | ५००।- | |
| ३२ | बैक क वर्ग | १५०००।- | |

कचनकवल राजपत्र

| | | | |
|---|---|---|---|
| ३० | **बैक ख वर्ग** | **१००००।-** | |
| ३१ | **बैक ग वर्ग** | **७०००।-** | |
| ३२ | **बैक घ वर्ग** | **५०००।-** | |

**उपरोक्त माथि नपरेको व्यवसाय हेरी कार्यपालिकाको निर्णय बमोजीम रु. ५००।- देखी रु.५००० सम्म कर निर्धारण गरिनेछ।**

अनुसुची - ४

(दफा ५ संग सम्बन्धित )

सवारी साधन कर

कचनकवल गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधमा देहाय वमोजीम बार्षिक सवारी साधन कर लगाईने र असुल उपर गरिनेछ।

| सि.न. | सवारी साधनको नाम | दर रेट (वार्षिक) | कैफियत |
|---|---|---|---|
| १ | रिक्सा | १००।- | |
| २ | अटो रिक्सा | ५००।- | |
| ३ | विद्युतीय रिक्सा (इ-रिक्सा) | ५००।- | |
| ४ | सिटि रिक्सा नविकरण | ५००।- | |
| ५ | सिटि रिक्सा नामसारी | १०००।- | |
| ६ | ट्याक्टरको दर्ता तथा नविकरण | १०००।- | |
| ७ | बस | ३०००।- | |
| ८ | ट्रक | ३०००।- | |
| ९ | पीकअप भेन | १५००।- | |

●नयाँ उद्योग कल कारखाना पालिका क्षेत्रभित्र स्थापना गर्दा शुरु बर्ष दर्ता शुल्क मात्र लिइने र त्यस पछि आर्थिक बर्ष समाप्त भएपछि बार्षिक नविकरण शल्क लाग्नेछ।

**अनुसुचि-५**

**(दफा ६ सँग सम्बन्धित)**

**विज्ञापन कर**

कचनकवल गाउँपालिकाका क्षेत्रभित्र हुने विज्ञापनमा देहाय बमोजिम विज्ञापन कर लगाईने असुल उपर गरिनेछ तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ।

| क्र.सं. | विवरण | चालु आ.व. | कैफियत |
|---|---|---|---|
| १ | होडिंग वोर्ड मुख्य सडकहरु प्रति वर्ग फिट | २०।- | |
| २ | होडिंग वोर्ड मुख्य सडकसंग जोडिएका शाखा सडकहरु प्रति वर्ग फिट | १५।- | |
| ३ | होडिंग वोर्ड अन्य शाखा सडक प्रति वर्ग फिट | १०।- | |
| ४ | फ्ल्यास वार्ड प्रति वर्ग फिट | १०।- | |
| ५ | माथि उल्लेखित प्रकरण बाहेकका हकमा प्रति वर्ग फिट | १०।- | |
| ६ | व्यानर प्रति २ हप्ता | ५००- | |
| ७ | व्यानर व्यापारीक प्रति गोटा प्रति वर्ग फिट (दुई हप्ताका लागि ) | २०।- | |
| ८ | गेट राख्न गाउँपालिकाको स्वीकृत लिएर मात्र प्रति हप्ता | १०००।- | |
| ९ | प्रचारप्रसार सिटी रिक्सा समेतबाट माईकिंग प्रतिदिन मत्रा | ५० | |
| १० | प्रचार प्रसार गाडिवाट प्रतिदिन | १००।- | |

**अनुसूचि-६**

**(दफा ७ सँग सम्बन्धित)**

**मनोरञ्जन कर**

कचनकवल गाउँपालिका क्षेत्रभित्र चलचित्र घर, साँस्कृतिक प्रदर्शन हल,कन्सर्ट नाटक घर /थियटर फन पार्क बाल उधान वाटर पार्क, दोहरी साँझ, डान्स वार, जुम्वा हाट वजार र मेला जस्ता मनोरञ्जन स्थलमा प्रदेश आर्थिक विधयेक २०७७ को दफा ५ को अनुसुची -३ बमोजीम मनोरञ्जन कर लाग्ने छ।

| सि. नं. | मनोरञ्जन कर | शुल्क रु. | कैफियत |
|---|---|---|---|
| १ | रमाईलो मेला, तीन दिन सम्मको | रु.३०००।- | |
| २ | रमाईलो मेला एक हप्ता सम्मको | रु.५०००।- | |
| ३ | रमाईलो मेला लगाए वापत एक हप्ता भन्दा माथि | रु १००००।- | |

**अनुसुची -७**

**(दफा ८ सँग सम्बन्धित)**

**पार्किङ्ग शुल्क**

कचनकवल गाउापालिकाका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ्ग सुविधा उपल्बध गराए वापत देहाय अनुसार पार्किङ्ग शुल्क लगाईने र असुल लगाईने उपर गरिनेछ।

| सि.नं. | सवारी साधनको नाम | पार्किङ्ग शुल्क आ.व. | कैफियत |
|---|---|---|---|
| १ | ट्रली ,लहरी टिफर , | ५०।- | |
| २ | बस , ट्रक ,ट्रयक्टर | ५० | |
| ३ | पिकअप, मिनी बस,मिनी ट्रक, | २० | |
| ४ | माईक्रो बस कार, जीप भेन ,टेम्पुु | २० | |
| ५ | भारतिय सवारी साधन ट्रली,लहरी ,बस ट्रक | १००० | |
| ६ | भारतीय सवारी साधन कार जीप, भेन माईक्रो | ५० | |

**अनुसुची-८**

**(दफा ९ सँग सम्बन्धित)**

**सेवा शुल्क दस्तुर**

कचनकवल गाउँपालिकाले निर्माण संचालन वा व्यवस्थापन गरेको स्थानीय पूर्वाधार र उपलब्ध गराए सेवामा सेवाग्रहीबाट देहाय अनुसार शुल्क अुल उपर गरिनेछ।

(१). स्थानीय पूर्वाधार सेवा शुल्क (सडक पूर्वाधार प्रयोगि वापत )

| सि.नं. | सावरी साधनको नाम | पार्किङ्ग शुल्क(पटक) | कैफियत |
|---|---|---|---|
| १ | ट्रकली ,लहरी टिफर | ५० | |
| २ | बस , ट्रक, ट्रयाक्टर | ५० | |
| ३ | पिक अप ,मिनी बस ,भेन टेम्पू | ५० | |
| ४ | माइक्रो बस कार , जीप भेन ,टेम्पु | २० | |
| ५ | भारतीय सवारी साधनक ट्रली ,लहरी बस ,ट्रक | १०० | |
| ६ | भारतिय सवारी साधन कार , जीप भेन माइक्रो | ५० | |

(२) कार्यायले उपल्बध गराएको विभिन्न सेवा सुविधा एवं सिफारीसमा लाग्ने सेवा शुल्क तथा सिफारीस दस्तुर

| (क)घरनक्शा पास दस्तुर | | | |
|---|---|---|---|
| सि. नं. | विवरण | दर रेट | कैफियत |
| | (क) वर्गका भवन प्रति वर्ग फिट<br><br>क वर्गका भवन भन्नालेभवन ऐन २०५५ को दफा ८(क) मा व्यवसथा अनुसार विकसित मुलुकमा अपनाएका भवन संहिता समेतको अनुसरण गरि इन्टरनेशनल आधारित हुने गरि वनाईने अत्याधुनिक भवन | ९|- | |
| | ख वर्गका भवन प्रति वर्ग फिट<br><br>ख वर्गका भवन भन्नाले भवन ऐन २०५५ को दफा ८ मा व्यवस्था एरिया १००० वर्ग फीट भन्दा बढी भुईतल्ला सहित तीन तल्ला भन्दा वढी वा स्ट्क्चरलस्पान चार दशमलव(४.५) मिटर भन्दा वढी भएका भवनहरु | ७|- | |
| | **"ग" बर्गका भवन प्रति वर्ग फिट**<br><br>"ग" बर्गका भवन भन्नाले भवन एन २०५५ को दफा ८ (ग) मा व्यवस्था भएको प्लिन्थ एरिया १००० वर्ग फिट सम्म, भुइँतला सहित तिन तलासम्म वा स्ट्रक्चरल सपान चार दशमालव पाच (४.५) मिटर सम्म भएका भवनहरु | ६|- | |
| | **"घ" बर्गका भवन प्रति वर्ग फिट**<br><br>खण्ड (क) (ख) र (ग) मा लेखिए देखि बाहेकका काचो वा पाको इँटा, ढुंगा, माटो, बास, खारा आदि प्रयोग गरि दुइ तला सम्म बनाइने साना घर, छाप्नाहरु । | २|- | |
| | **इँटा वा ढुंगा र सिमेन्टको पक्कि पर्खाल प्रति रनिङ फिट** | ४|- | |
| **पुरानो घर प्रति स्क्वायर फिट रु.५|- भुइँ तला सम्म, सो भन्दा थप तल्ला भएमा प्रति स्क्वायर फिट रु.६|- हुनेछ ।** | | | |

| (ख) अन्य सेवा शुल्क तथा सिफारिस दस्तुर | | | |
|---|---|---|---|
| सि.नं. | बिवरण | लाग्ने दस्तुर | कैफियत |
| १ | निवेदन दस्तुर | १०|- | |
| २ | घर नक्सा पास पुस्तिका | ५००|- | |
| ३ | घर नक्सा लेआउट | ५००|- | |
| ४ | घर नक्सा निरिक्षण तथा सर्जमिन | १०००|- | |
| ५ | नक्सा पास सम्बन्धि प्रमाणपत्रको प्रतिलिपि | २५०|- | |
| ६ | घर नक्साको प्रतिलिपि | ५००|- | |
| ७ | घर निर्माण सम्पन्न प्रमाण पत्र पक्की | ५००|- | |
| ८ | घर निर्माण सम्पन्न प्रमाण पत्र कच्ची | ३००|- | |
| ९ | घर नक्सा नामसारी १००० स्क्वार फिट भन्दा माथिको लागि | १०००|- | |
| १० | घर नक्सा नामसारी १००० स्क्वार फिट भन्दा कमको लागि | ५००|- | |
| ११ | घर कायमको सिफारिस (घर सम्पन्न प्रमाण पत्र प्राप्त भएकाको हकमा मात्र) | ५००|- | |
| | | | |
| **(ग) अन्य विविध सिफारिस तथा प्रतिलिपि प्रमाणित दस्तुरहरु :** | | | |
| १२ | नेपाली नागरिकताको प्रमाण पत्रको सिफारिस | २००|- | |
| १३ | नागरिकताको प्रतिलिपि | २००|- | |
| १४ | नाता प्रमाणित दस्तुर | ३००|- | |
| १५ | नाता प्रमाणित २ जना भन्दा थप प्रति व्यक्ती दस्तुर | १००|- | |

| | | | |
|---|---|---|---|
| १६ | घटना दर्ता प्रमाण पत्र प्रतिलिपी | ५००।- | राष्टीय परिचय पत्र तथा पंञ्जीकरण विभागद्धारा तोकिएको |
| १७ | घटना दर्ता विलम्ब दस्तुर | २००।- | राष्टीय परिचय पत्र तथा पंञ्जीकरण विभागद्धारा तोकिएको |
| १८ | बसोबास प्रमाणित (वैदशिक प्रयोजन) | ५००।- | |
| १९ | बसोबास प्रमाणित (स्वदेशी प्रयोजन) | २००।- | |
| २० | अविवाहित प्रमाणित | १०००।- | |
| २१ | प्रतिलिपि प्रमाण पत्र दस्तुर प्रति पाना | १०।- | |
| २२ | लिखत प्रमाणित दस्तुर : १ लाख सम्मको | २००।- | |
| २३ | ५ लाख सम्मको | ५००।- | |
| २४ | ५ लाख देखि माथि जतिसुकैमा | १०००।- | |
| २५ | मिलापत्र दस्तुर (दुवै पक्ष बाट आधा आधा व्यहोरिने) | १०००।- | |
| २६ | उजुरी तथा मुद्धा दर्ता दस्तुर | १००।- | |
| २७ | लिखित जवाफ पेश दस्तुर | १००।- | |
| २८ | मोही लगत कट्ठा (प्रति कट्ठा) प्रति सिफारिस | ५०।- | |
| २९ | बिधुत मिटर प्रति सिफारिस | २००।- | |
| ३० | व्यवसाय नामसारी सिफारिस दस्तुर | २००।- | |
| ३१ | व्यक्तिगत घटना दर्ता ३५ दिन भित्र निशुल्क त्यस पछी दर्ता आएमा जरिवाना वापत | २००।- | |
| ३२ | व्यक्तिगत घटना दर्ता प्रमाण पत्रको प्रतिलिपि | ५००।- | |
| ३३ | साँध सिमाना प्रमाणित | २००।- | |

| | | | |
|---|---|---|---|
| ३४ | जग्गा नामसारी सिफारिस प्रति कठ्ठा | ५०।- | |
| ३५ | अन्य विविध सर्जमिन मुचुल्का | ३५०।- | |
| ३६ | बैदेशिक रोजगारीको सिफारिस | ५००।- | |
| ३७ | कन्सुलर प्रमाणित | ५००।- | |
| ३८ | नाबालक सिफारिस परिचय पत्र | २००।- | |
| ३९ | व्यवासाय, कारोवार बन्द सिफारिस | ५००।- | |
| ४० | संघ संस्था नवीकरण सिफारिस | २००।- | |
| ४१ | अन्य बिभिन्न किसिमका सिफारिस | २००।- | |
| ४२ | निर्माण व्यवसायी इजाजत नबिकरण सिफारिस | ५००।- | |
| ४३ | परिवार ल्याएको लागेको सिफारिस | १५०।- | |
| ४४ | नाफा मुलक संघ संस्था दर्ता / नबिकरण सिफारिस | ५००।- | |
| ४५ | मोही नामसारी सिफारिस | २००।- | |
| ४६ | सम्बन्ध बिच्छेदको सिफारिस | ३००।- | |
| ४७ | ठुला / मझौला / साना उधोग स्थापना र सिफारिस | | |
| | पूजीको आधारमा : | | ।- |
| | ५ करोड भन्दा माथि | १००००।- | |
| | २ करोड देखि ५ करोड सम्म | ५०००।- | |
| | १ करोड देखि २ करोड सम्म | ३०००।- | |
| | ५० लाख देखि १ करोड सम्म | २०००।- | |
| | ५० लाख भन्दा मुनी | १००० | |

| | | | |
|---|---|---|---|
| ४८ | रुख कटान सिफारिस प्रति गोटा | ५०|- | |
| ४९ | नेपाली पेन्सन पट्टा सिफारिस | ३००|- | |
| ५० | भारतीय पेन्सन पट्टा सिफारिस | ५००|- | |
| ५१ | अन्य मुलुकको पेन्सन पट्टा सिफारिस | १०००|- | |
| ५२ | अपुताली सिफारिस | १०००|- | |
| ५३ | जन्म मृत्यु बिवाह प्रमाणित तथा सिफारिस | ३००|- | |
| ५४ | अंग्रेजीमा प्रमाणित तथा सिफारिस | ५००|- | |
| ५५ | निजि बिद्यालय संग सम्बन्धित बिभिन्न सिफारिस | २००|- | |
| ५६ | निजि बिद्यालय मन्टेश्वरी स्थापना शुल्क | ५०००|- | |
| ५७ | निजि बिद्यालय प्राथमिक स्थापना शुल्क | १००००|- | |
| ५८ | निजि बिद्यालय आधारभूत तह कक्षा थप | ३०००|- | |
| ५९ | निजि बिद्यालय माध्यमिक तह कक्षा थप | ५०००| | |
| ६० | निजी बिद्यालय बिषय थप | ३०००|- | |
| ६१ | निजि बिद्यालय स्थानान्तरण (आधारभूत तह ) | ५०००|- | |
| ६२ | निजि बिद्यालय स्थानान्तरण बिषय थप नया बिद्यालय फाराम शुल्क | १०००|- | |
| ६३ | निजी विद्यालय कक्षा ८ परिक्षा शुल्क प्रति विधार्थी | ३००|- | |
| ६४ | कक्ष ८ को ग्रेड सिट प्रतिलिपि प्रमाण पत्र प्रमाणीकरण | १००|- | |
| ६५ | सम्पत्ति मुल्यांकन प्रति सिफारिस | ०.१० प्रतिशत | |
| ६६ | आय श्रोत प्रमाणित प्रति सिफारिस | ०.१० प्रतिशत | |



स्थानीय राजपत्र

| | | | |
|---|---|---|---|
| | (अध्यनका लागि जानेहरुका लागि ) | | |
| ६७ | आय श्रोत प्रमाणित प्रति सिफारिस (अन्य सबै) | ०.२० प्रतिशत | |
| | | | |
| ६८ | क) मूल बाटोले छोएको जग्गाको प्रति सिफारिस २ कित्तासम्म, थप प्रति कित्ता रु. १०० | ५००।- | |
| ६९ | ख) सहायक बाटोले छोएको जग्गाको प्रति सिफारिस २ कित्तासम्म, थप प्रति कित्ता रु. १०० | ४००।- | |
| ७० | ग) भित्रि शाखा बाटोले छोएको जग्गाको प्रति सिफारिस २ कित्तासम्म, थप प्रति कित्ता रु. १०० | ३००।- | |
| ७१ | घ) बजाररले छोएको जग्गाको प्रति सिफारिस २ कित्तासम्म, थप प्रति कित्ता रु. १०० | ५००।- | |
| ७२ | ङ) बाटोले नछोएको जग्गाको प्रति सिफारिस २ कित्तासम्म, थप प्रति कित्ता रु. १०० | ३००।- | |
| | | | |
| | **चार किल्ला प्रमाणित दस्तुर** | | |
| ७३ | क) मूल बाटोले छोएको जग्गाको प्रति सिफारिस २ कित्तासम्म, थप प्रति कित्ता रु. १०० | ५००।- | |
| ७४ | ख) बजारले छोएको प्रति सिफारिस २ कित्तासम्म, थप प्रति कित्ता रु. १०० | ६००।- | |
| ७५ | ग) सहयाक बाटोले छोएको जग्गाको प्रति सिफारिस २ कित्तासम्म, थप प्रति कित्ता रु. १०० | ३००।- | |

कृष्णनगर राजपत्र

| | | | |
|---|---|---|---|
| ७६ | घ) बजार क्षेत्रले छोएको जग्गाको प्रति सिफारिस २ कित्तासम्म, थप प्रति कित्ता रु. १०० | १०००\|- | |
| ७७ | ङ) बाटोले नछोएको जग्गाको प्रति सिफारिस २ कित्तासम्म, थप प्रति कित्ता रु. १०० | ५००\|- | |
| | | | |
| **कooदुरी प्रमाणित (अमिन बाट गरिने)** | | | |
| ७८ | क) बैंकिङ प्रयोजनका लागि | ५००\|- | |
| ७९ | ख) सर्व साधारण संग जोडिएका घर घर बीच | २००\|- | |
| ८० | ग) किचलो परि आएको हकमा | ३००\|- | |
| ८१ | घ) माथि उल्लेखित बाहेकको हकमा | ५००\|- | |
| **ख ) घर कोठा खोल्ने सिफारिस** | | | |
| ८२ | क) व्यवसायिक घर कोठा खोल्ने | १०००\|- | |
| ८३ | ख) आवासीय घर कोठा खोल्ने सिफारिस | २००\|- | |
| **ग) अमिन बाट गरिने सबै प्रकारको सेवा तथा अन्य सेवाहरु ( सम्बन्धित जग्गाधनीले माग निवेदनको आधारमा)** | | | |
| ८४ | क) १ कठ्ठा सम्मको जग्गा छुट्याउने | १०००\|- | घडेरी जग्गा |
| ८५ | ख) १ कठ्ठा देखि ५ कठ्ठा सम्म | १५००\|- | घडेरी जग्गा |
| ८६ | ग) ५ कठ्ठा देखि १० कठ्ठा सम्म | २०००\|- | घडेरी जग्गा |
| ८७ | घ) १कठ्ठा देखि १० कठ्ठा सम्म | १०००\|- | खेतीयोग्य जमीन |
| ८८ | ङ) १० कठ्ठादेखि २ बिगाहा सम्म | २०००\|- | खेतीयोग्य जमीन |
| ८९ | च) २ बिगाहा भन्दा माथि | ३०००\|- | खेतीयोग्य जमीन |
| ९० | जे. सि.वि. भाडामा | २०००\|- | प्रति घण्टा |

| | | | |
|---|---|---|---|
| ९१ | पानी टयाङकर | ४०००\|- | प्रति दिन, इन्धन र चालकको खाजा भत्ता वाहेक |
| ९२ | पशु कृतिम गर्वाधान ( ए. आइ.) | ५०।- | प्रति पशु |
| ९३ | सम्पत्ति मुल्यांकन | ०.१ प्रतिशत | |
| ९४ | बार्षिक आम्दानी मुल्यांकन | ०.१ प्रतिशत | |
| ९५ | लिखत प्रमाणित | ०.५ प्रतिशत | |
| ९६ | **फोहर मैला व्यवस्थापन शुल्क** | | |
| ९७ | होटल/ लज रेष्टुरेन्ट | २००।- | |
| ९८ | किराना / सैलुन अन्य पसल | १००।- | |
| ९९ | घरको | ५०।- | |
| १०० | **घाटलौरी शुल्क** | | |
| १०१ | प्रति व्यक्ती | ५।- | पटके |
| १०२ | साईकल र व्यक्ती | १०।- | पटके |
| १०३ | मोटरसाईकल र व्यक्ती | २०।- | पटके |

**३) विधुत खानेपानी लगायतका अन्य सिफारीस**

(क) विधुत जडान तथा मिटर सिफारीस

| | | | |
|---|---|---|---|
| १ | कृषी व्यवसाय तथा सिचाइ प्रयोजन समेत | २००।- | |
| २ | उधोग कलकारखाना, पसल तथा व्यवसाय र व्यवसायिक भवन समेत थ्रिफेज लाईन जडान सिफारिस समेत | ५००।- | |
| ३ | आवासिय घरमा | २००।- | |
| ४ | सुकुम्वासी तथा गरीव सिमान्तकृत परिवारका लागि | निशुल्क | |

**४.) विशेषज्ञ परामर्श तथा व्यवसायिक सेवा :**

| क.सं. | विवरण | आ.व. | कैफियत |
|---|---|---|---|
| **१) विशेषज्ञ परार्मश सेवा** | | | |
| क) चिकित्सक , अहेव, कवीराज होमियोपेथिक, आयुरवेदिक पशु चिकित्सक भेटरीनरी समेत | | | |
| १ | एम. डी .डाक्टरलाई | २००० | |
| २ | पशु चिकित्सामा स्नातकोत्तर | १५०० | |
| ३ | एम.वि.वि.एस | १००० | |
| ४ | पशु चिकित्समा स्नातक | ७५० | |
| ५ | अ.हे.व. तथा पशु सहायकलाई | ५०० | |
| ६ | कविराज , हामियोपेथिक , आर्युवेदिक डाक्टर | १००० | |
| ७ | कविराज , हामियोपेथिक , आर्युवेदिक अहेव | ५०० | |
| **ख) भ्यालुएटर(मूल्याङ्कन कर्ता इन्जिनियरिङ सेवा)** | | | |
| १ | बैंक तथा वित्तीय संस्थाको प्रयोजनका लागि | २००० | |
| २ | विमा प्रयोजनका लाागि | १५०० | |
| ३ | अन्य सवै | ७५० | |

| | | | |
|---|---|---|---|
| ग) परामर्शदाता (आर्थिक ,भौतिक , सामाजिक तथा साँस्कृतिक लगायतका विषयसंग सम्बन्ति दर्तावाला विभिन्न परामर्शदाता | | १००० | |
| **२.सेवा व्यवशाय** | | | |
| क) निमार्ण व्यवशाय | | | |
| १ | श्रेणी "घ " ईजाजत | २५००० | |
| २ | श्रेणी "घ " नविकरण | ५००० | बार्षिक |
| **ख) संचार सेवा (पत्रपत्रीका, एफ .एम. रेडियो तथा वा टेलिभिजन प्रसारण समेत )** | | | |
| १ | पत्रपत्रिका वितरक | १०० | |
| २ | पत्रीका प्रकाशक | १५०० | |
| ३ | एफ. एम. रेडियो प्रसारण | २५०० | |

| | | | |
|---|---|---|---|
| ४ | केवल नेट वर्क | | |
| | क) ५०० सम्म ग्राहक भएको | ३००० | |
| | ख) ५०० देखी १००० सम्म ग्राहक भएको | ५००० | |
| | ग) १००० भन्दा माथि ग्राहक भएको हकमा सि. नं.४ (ख)मा थप प्रति ग्राहक रु. २10 | २10 | ५०००10 प्रति ग्राहक रु. २10 |

यसमा

१.डिलर, एजेन्ट, डिपो, सव डिलर आदि वाहेक अन्य पसल, उद्योग, व्यवसायको हकमा कसैले एउटै पसलमा धेरै आईटम राखी पसल वा व्यवसाय गरेको छ भने सवै आईटम मष्तयध्ये कुनै एकको मात्र कर लिइने छ । यसमा सवै आईटम मध्ये जुन आईटमको कर रकम वढी छ सोहीलाई कायम गरी कर असूल गरिनेछ ।

२. म्याद भित्र नवुझाउने कुनै पनि करदाताहरुवाट बुझाउनु पर्ने सम्पूर्ण व्यवसष्ताय कर र प्रतिवर्ष १० प्रतिशतका दरले जरिवाना सहित व्यवसाय कर असुल गरिनेछ ।

तर

१) यस गाउंपालिका अन्तरगत सन्चालन हुने गाउपालिका वा जिल्ला वा प्रदेश वा केन्द्रीय आयोजनाहरू, छात्रवृत्ति, आर्थिक सहायता, निशूल्क स्वास्थ्य उपचार, विपद् व्यवस्थापन र जेष्ठ नागरिक भत्ता प्राप्तिको लागि गरिने सिफारिसहरूमा सिफारिस दस्तुर छुट दिईने छ ।

२) यो ऐनमा व्यवस्था नभएका अन्य सिफारिसको हकमा यस ऐनसँगनबाझिने गरी कार्यपालिकाले निर्णय गरे वमोजिम हुनेछ ।सो निर्णयहरु गाउँ सभाबाट अनुमोदन गराउनु पर्ने छ।

आज्ञाले,
हिरा कूमारी यादव
प्रमुख प्रशासकीय अधिकृत

क्चनकवल राजपत्र